मन्थली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

३ नं प्रदेश नेपाल

प.सं.: २०७५/०७६

## साना सिंचाई, प्लाष्टिक पोखरी र मिनी टिलर माग गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०२/१९)

यस मन्थली नगरपालिकाको आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तेस्रो चौमासिकमा देहायका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक समुह/कृषि फर्म/कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात २०७६ जेठ २५ गते कार्यालय समय भित्र ( अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट ) नगरपालिकाद्धारा निर्धारित फारम भरी यस नगरपालिकाको कृषि शाखामा रित पूर्वकको निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तेश्रो चौमासिकका कार्यकमहरु :**

१. ५० प्रतिशत अनुदानमा ७ एच पी को मिनि टिलर वितरण (फर्म/समुह/सहकारीलाई मात्र)

२. साना सिंचाई तथा प्लाष्टिक पोखरी निर्माण (फर्म/समुह/सहकारीलाई मात्र)

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. रु. १० को टिकट टाँस गरिएको कार्यालयबाट निर्धारित निवेदन,

२. रु. १०० कार्यालयमा वुझाएको नगदि रसिद,

सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

३. सम्वन्धित उपभोक्ताहरुको जग्गाधनी पुर्जाको प्रतिलिपी,

४. समुह/सहकारी/फर्मको दर्ता/ नविकरण प्रमाणपत्रको प्रतिलिपी,

५. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र,

६. फर्म/समुह/ सहकारीको योजना माग गरेको निर्णय प्रतिलिपी ।

**पुनश्च :** प्लाष्टिक पोखरी निर्माणका लागी कार्यालयबाट प्लाष्टिक मात्र उपलब्ध गराईने छ, बाँकी कार्य फर्म/समुह/ सहकारी आफैले गर्नुपर्नेछ । साथै साना सिंचाई निर्माणका लागी अधिकतम रकम रु. १००००० (अक्षरुपी एक लाख रुपैंया) को कार्यक्रम मात्र माग गर्न सकिनेछ ।

*विस्तृत जानकारीका लागी यस नगरपालिकाको कृषि विकास शाखा वा सम्पर्क नं.. ९८४७९५३२५३ मा सम्पर्क गर्न सकिनेछ ।*

मन्थली नगरकार्यपालिकाको कार्यालय,

मन्थली, रामेछाप

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner